आज मिति २०७७।०४।२९ गते प्रमुख जिल्ला अधिकारी श्री यज्ञराज बोहराको अध्यक्षतामा तपसिलमा उल्लेखित पदाधिकारीको उपस्थितीमा संकट व्यवस्थापन केन्द्रको बैठकमा गृह मन्त्रालय शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा सिंहदरवार काठमाण्डौंको च.नं. ३७९ मिति २०७७।०४।२८ गतेको पत्र बैठकमा पेश गरि छलफल गर्दा निम्नानुसारको गरी/गराई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने/गराउने निर्णय गरियो ।

उपस्थिति:-

| | | | | |
|---|---|---|---|---|
| प्र.जि.अ. | श्री यज्ञराज बोहरा | जिल्ला प्रशासन कार्यालय कैलाली | अध्यक्ष |
| मे.सु. | डा. हेमराज पाण्डे | सेती प्रादेशिक अस्पताल कैलाली | सदस्य |
| स.प्र.जि.अ. | श्री हिरालाल चौधरी | जिल्ला प्रशासन कार्यालय कैलाली | सदस्य |
| प्र.सेनानी | श्री विकास के.सी. | नेपाली सेना भवानी दल गण | सदस्य |
| प्र.उ. | श्री अनुपम समशेर जवरा | जिल्ला प्रहरी कार्यालय कैलाली | सदस्य |
| स.प्र.उ | श्री दिपेन्द्र कुंवर | सशस्त्र प्रहरी बल नं. ३४ गण धनगढी | सदस्य |
| उप-अ.नि. | श्री विकास पाण्डे | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | सदस्य |
| प्र.अ. सचिव | श्री शिवराज जोशी | जिल्ला प्रशासन कार्यालय कैलाली | सदस्य |

आमन्त्रित

| | | |
|---|---|---|
| कार्यालय प्रमुख | श्री लाल वहादुर धामी | जिल्ला स्वास्थ्य कार्यालय कैलाली |

निर्णय:-

१. कोभिड-१९ को विश्वव्यापी संक्रमणको कारण उत्पन्न असहज परिस्थितमा स्वदेश आउदै पर्ने अवस्थामा रहेका नेपाली नागरिकलाई स्वदेश ल्यान सहजिकरण गर्ने सम्वन्धि आदेश, २०७७ मा तोकिएका प्रवेश विन्दुहरुबाट आवागमन गर्ने व्यक्तिहरुको अभिलेख राख्ने । प्रवेश विन्दु रहेकै जिल्लामा आवश्यक वेड संख्यामा क्वारेण्टिनको व्यवस्था गर्ने भनी नेपाल सरकार (मन्त्रिपरिषद) को मिति २०७७।०४।२६ गतेको वैठकबाट निर्णय भै आएको र भारतबाट स्थल मार्ग हुदै स्वेदश आउने नेपालीको लागि तोकिएको नेपाल-भारत सीमा प्रवेश विन्दुमा नेपाल सरकारले तोकेका क्वारेण्टिन मध्ये यस जिल्लाको गौरीफण्टा नाका समेत परेको । यही २०७७।०४।२० गते देखि २०७७।०४।२६ गतेसम्म गौरीफण्टा नाका भएर नेपालको विभिन्न जिल्लाका नेपाल प्रवेश गरेका व्यक्तिहरुको संख्या ७५८४ रहेको र सो को औषत निकाल्दा प्रतिदिन १०८३ जनासम्म आउने गरेको देखिन्छ । यसरी प्रतिदिन न्यूनतम १०८३ जनालाई क्वारेन्टिनमा राख्न र त्यसरी क्वारेण्टिनमा राखेका ब्यक्तिहरु मध्ये कोभिड-१९ पोजेटिभ भएका व्यक्तिहरुलाई आईसोलेशन राख्न सक्ने गरी आईसोलेशन समेतको व्यवस्था गर्नपर्ने भएकोले सोको लागि सरकारी/सार्वजनिक/सामुदायिक भवन, क्वारेण्टिन राख्न सक्ने कुनै स्थान भए सो को विवरण सहितको जानकारीको लागि धनगढी उपमहानगरपालिका, गोदावरी नगरपालिका र टिकापुर नगरपालिकासँग मागी आगामी वैठकमा पेश गर्ने ।

२. कोभिड-१९ को संक्रमण फैलिन नदिन सरकारी तथा गैरसरकारी निकाय, बैंक, सहकारी, लघुवित्त एवं वित्तीय संघसंस्था लगायतका जनतासँग प्रत्यक्ष सम्पर्कमा रही सेवा प्रवाह गर्ने सबै कार्यालय, निकाय एवं संघसंस्थाहरुले विद्युतीय माध्यमबाट समेत सेवा प्रवाह गर्ने/गराउने व्यवस्था मिलाउने । अनलाइन, भर्चुअल वा विद्युतीय माध्यमबाट सेवा प्रवाह गर्न सम्भव नहुने र बढी जनसम्पर्क हुने कार्यको हकमा सेवा प्रवाह गर्ने कार्यालयबाट आफ्नो कार्यालयको कामको प्रकृति हेरी स्वास्थ्य मापदण्ड अपनाई आवश्यक एवं उपयुक्त व्यवस्था मिलाउने ।

३. यस जिल्ला भित्रका होटल तथा रेष्टुरेण्टबाट तयार गरिएका खाद्य परिकार लैजाने सेवा (टेकअवे) मात्र सञ्चालन गर्न दिने ।

Scanned with CamScanner

४. कोभिड-१९ को सक्रमणको जोखिम बढ्दै गएको देखिएको हुँदा जनस्वास्थ्यको सुरक्षालाई सर्वोच्च प्राथमिकतामा राख्नुपर्ने आवश्यकता भएकोले धार्मिकस्थलहरुमा दैनिक नित्य पूजा बाहेक अन्य कुनै पनि गतिविधि सञ्चालन गर्न/गराउन नदिने नगराउने । चाडपर्वहरु आ-आफ्नै घरभित्र रही जनस्वास्थ्यका मापदण्डहरु पालना गरेर आ-आफ्नो परिवारका सदस्यहरुले मात्र लगाउने ।

५. शैक्षिक संस्थाहरु (विद्यालय, कलेज, ट्यूसन सेन्टर, तालिम केन्द्र), सबै प्रकारका सभा, गोष्ठी, तालिम, सेमिनार, सबै प्रकारका प्रदर्शन, भेला तथा सम्मेलन, सिनेमा हल, पार्टी प्यालेस, डान्सबार लगायतका मनोरञ्जनस्थल, सैलुन, ब्युटीपार्लर तथा स्पा, स्वीमिङ पुल, जिमखाना लगायत हेल्थ क्लब, समूहमा खेलिने खेलकुद र खेल मैदामा हुने प्रस्तुति, सबै प्रकारका धार्मिक तथा सामाजिक स्थल, पस्तकालय, संग्राहलय र चिडियाखाना हाल सञ्चालन निषेधकै अवस्थामा रहेको हुँदा यसको नियमित अनुगमन गरी कडाईका साथ पालना गराउने एवं उल्लङ्घन गर्नेलाई प्रचलित कानून बमोजिम कारबाही गर्ने।

६. फुटपाथ/खुल्ला ठाउँ र ठेलागाडा/साइकलमा सञ्चालन भइरहेका तरकारी, फलफूल, खाद्यान्न लत्ता कपडाल गायतका खुद्रा व्यापार व्यवसाय एवं कवाडी संकलनजस्ता कार्य जथाभावी रुपमा सञ्चालन हुँदा भीडभाड बढ्ने र कोभिड-१९ को संक्रमण समुदाय स्तरसम्म विस्तार हुने जोखिम बढेकोले यस्ता कार्यलाई सम्बन्धित स्थानीय तहको सहयोगमा निषेध गर्ने/गराउने।

७. उद्योग, कलकारखाना लगायतका व्यवसाय सञ्चालन गर्ने व्यवसयीहरुले हाल उद्योग व्यवसाय सञ्चालन गर्न तथा निजी तथा सार्वजनिक निर्माणको काममा लगाइएका श्रमिक लगायतका जनशक्तिलाई अनिवार्य रुपमा जनस्वास्थ्य तथा सुरक्षाको मापदण्ड अवलम्बन गर्न लगाई उद्योग/कलकारखाना/सार्वजनिक तथा निजी निर्माणको परिसरभित्रै सुरक्षित रुपमा खाने बस्ने व्यवस्था गर्ने । हाललाई अन्यत्र स्थानबाट कामदारहरु नल्याउने । कोभिड-१९ को संक्रमणको कारण भविष्यमा आउने जोखिम व्यवस्थापन गर्न सम्बन्धित उद्योग व्यवसायले आफ्नो क्षेत्रभित्र आवश्यक क्वारेन्टिन तथा आइसोलेसन लगायतका पूर्वाधारको प्रबन्ध समेत गर्न लगाउने ।

८. भारततर्फको सीमावर्ती क्षेत्रमा रहेका वस्ती एवं बजारमा कोभिड-१९ को संक्रमण फैलिरहेको अवस्थालाई मध्यनजर गर्दै नेपाल-भारत सीमाबाट नेपाल प्रवेश गर्न तोकिएका उल्लिखित निश्चित प्रवेश बिन्दुहरु (नाका) बाहेक अन्यत्र कुनै पनि स्थानबाट दैनिक रुपमा किनमेलका लागि आवतजावत गर्न, उद्योगका लागि कुनैपनि प्रकारको जनशक्ति/कामदार ल्याउन एवं कुनै पनि प्रकारको आवतजावत हुन नदिन कडाईका साथ निरगानी राख्ने।

९. "कोभिड-१९ को विश्वव्यापी संक्रमणको कारणबाट उत्पन्न असहज परिस्थितिमा स्वदेश आउनै पर्ने अवस्थामा रहेका नेपाली नागरिकलाई स्वदेश आउन सहजीकरण गर्ने सम्बन्धी आदेश, २०७७ वमोजिम वाहेकका नेपाल प्रवेश गर्ने त्रिनगर नाका र खुल्ला सीमानाको जुनसुकै स्थानबाट हुनसक्ने यात्रुहरुको आवागमन हाललाई मिति २०७७ भदौ ३१ गते बुधबार (तदनुसार २०२० सेप्टेम्बर १६) मध्यरातसम्मका लागि स्थगित गर्ने निर्णयलाई कडाईका साथ लागु गर्ने।

१०. गौरीफण्टा-त्रिनगर नाकाबाट नेपाल प्रवेश गर्ने नेपालीहरुको थप प्रभावकारी ढंगले जिल्लागत अभिलेख राख्न जिल्ला प्रशासन कार्यालय, नेपाल प्रहरी र सशस्त्र प्रहरीले संयुक्त रुपमा अभिलेख राखी सो अभिलेखको प्रति सम्वन्धित जिल्ला र DDCMC कैलाली पठाउने । साथै भारतबाट आउने नेपालीहरुको संख्या दिन प्रतिदिन वढ्दै गईरहेकोले थप प्रभावकारी स्वास्थ्य परीक्षणको लागि आवश्यक पर्ने जनशक्ति र स्रोत साधनको लागि जिल्ला स्वास्थ्य कार्यालयलाई अनुरोध गर्ने ।

Scanned with CamScanner